# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश, नेपाल


प.स. : ०७५/०७६कृषि
च.नं. :

मिति :- २०७५/०५/२८

**विषय :- कृषि कार्यक्रम प्रसारण गर्ने बारेको सूचना ।**

प्रस्तुत विषयमा यस रत्ननगर नगरपालिका कृषि विकास शाखाको आ.ब. २०७५/७६ को बार्षिक स्विकृत कार्यक्रम अनुसार स्थानिय एफ.एम. संगको सहकार्यमा कृषि कार्यक्रम संचालन प्रसारण गर्नु पर्ने भएकोले निम्नानुसारका सर्त पुरा गरी बार्षिक रु.१,५०,०००।-( अक्षेरुपी एक लाख पचास हजार मात्र)के कती दरभाउमा उक्त बजेट भित्र रही कार्यक्रम तयारी एवं प्रसारण गर्न सकिन्छ ? रत्ननगर नगरपालिका ईच्छुक रेडियो तथा एफ.एम. प्रसारण गर्ने संघ संस्थावाट यो सुचना प्रकासित भएको मिति ले १५ दिन भित्र कार्यालय समयमा सिलवन्दी दरभाउ पत्र यस कार्यालयमा पेश गर्नु हुन सुचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको र निम्न लिखित सर्तहरु पुरा नभएको वा आफ्ना सर्तहरु राखी पेश भएको दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन । सिलवन्दी दरभाउ पत्र सुचना प्रकासित भएको १६ औ दिन विहान ११ बजे यस कार्यालयमा खोलिने छ । उक्त सिलवन्दी दरभाउ पत्र खोलिने समयमा आबेदकको तर्फबाट १ (एक) जना आधिकारीक प्रतिनीधि पठाई दिनु हुन र आवेदक वा प्रतिनिधि नआएमा पनी दरभाउ पत्र खोल्न कुनै आ.ब. बाधा पर्ने छैन । चितवन जिल्लाका सम्पूर्ण कृषकहरुले स्पष्ट सुन्ने गरी स्तरिय प्रसारण गरिने कार्यक्रम रहेकोले लक्षित क्षेत्र (Coverage Area) प्रष्ट खुलाई प्रस्ताव पत्र समेत पेश गर्नु पर्नेछ । साथै दरभाउ पत्र रु.३००।- तिरी (फिर्ता नहुने गरी) यसै कार्यालयवाट, कार्यालय समय भित्र प्राप्त गर्न सकिने छ ।

**सर्तहरु :**

१) कार्यक्रम प्रसारण प्रत्येक हप्ताको १ (एक) पटक बुधवार बेलुकी ७ :१५ देखि कम्तिमा ३० मिनेटको बर्षको जम्मा प्रशारण ५२ पटक हुनु पर्ने छ ।

२) कार्यक्रम प्रसारण र उत्पादन गर्ने जिम्मेवारी पनि एफ.एम.को नै हुनेछ । तर कार्यक्रम उत्पादन र प्रसारण गर्ने विषयको चयन, विषय विशेषज्ञको छनौट, अनुभवी कृषकको छनौट, सफलताको कथा, प्रश्नावली तयार गर्ने जस्ता कार्य रत्ननगर नगरपालिका कृषि विकास शाखा, चितवनको निर्देशानुसार तयार गर्नु पर्नेछ ।

नि. प्रमुख प्रशासकिय अधिकृत


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np

# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
३ नं. प्रदेश, नेपाल

३) प्रसारित कार्यक्रम उपयोगी नभएमा वा प्रभावकारी नभएमा वा वार्षिक कार्यक्रम, बजेट कटौती भई कार्यक्रम प्रसारण गर्न नसक्ने अवस्था आएमा रत्ननगर नगरपालिका चितवनले अग्रीम सूचना गरी प्रसारण बन्द गर्न सक्नेछ ।

४) समय समयमा रत्ननगर नगरपालिका कृषि विकास शाखा बाट प्रसारण गर्नु पर्ने सूचना तथा विज्ञप्तिहरु कार्यालयले तोकेको समयमा निःशुल्क प्रसारण गर्नुका साथै कृषि कार्यक्रम प्रसारण हुने मिति र समयको वारेमा जानकारी दिन प्रथम १५ दिन सम्म लगातार दिनको २ पटक (विहान र बेलुका) र कार्यक्रम प्रसारण हुने दिनमा एक पटक एफ. एम.ले विना शुल्क सूचना प्रसारण गर्नु पर्नेछ ।

५) कार्यक्रम प्रसार खर्च, कार्यक्रम तयार गर्दा लाग्ने खर्च, समन्वय खर्च, विशेषज्ञ र कृषक आदीको पारिश्रमिक, आयकर, मूल्य अभिबृद्धि कर आदी सम्पूर्ण खर्चहरु समेत समावेश गरी एकमुष्ठ पेश गर्नु पर्नेछ ।

६) स्टुडियोमा वार्ताका लागि आमन्त्रण गरिने कृषि बिज्ञ तथा अनुभवि कृषकलाई नेपाल सरकारको स्विकृत नर्मस अनुसार पारिश्रमीक उपलव्ध गराउनु पर्नेछ ।

७) दरभाउ पत्र साथ आफ्नो कबोल अंकको २.५ प्रतिशत धरौटी ररत्ननगर नगरपालिका को खाता नं. १३१०३०३००६१०३ (रा.बा. बैंक भरतपुर शाखा) नं. खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ ।

८) सिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम निर्णय रत्ननगर नगरपालिका चितवनमा निहीत हुनेछ ।

९) माथि उलेखित बुंदाहरु बाहेक अन्य नेपाल सरकारको आर्थिक नियमानुसार हुनेछ ।

दर्खास्त साथ राख्नु पर्ने कागजातहरु

(१) ब्यावसाय दर्ताको प्रमाण पत्रको फोटोकपी ।

(२) PAN मा दर्ताको फोटोकपी ।

(२) आ.ब.२०७४/०७५ कर चुक्ताको प्रमाण पत्रको फोटोकपी ।

नि. प्रमुख प्रशासकिय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np